क्याम्पस स्टुडेन्ट र क्याम्पस प्यारेन्ट *(Campus Student and Campus Parent portals)* पोर्टलहरूमा स्वागत छ *!* क्याम्पस स्टुडेन्ट र क्याम्पस प्यारेन्ट पोर्टलहरूले घोषणा, असाइनमेन्ट, हाजिरी, ग्रेड, तालिका लगायतका अन्य धेरै कुराहरूमा वास्तविक समयमै पहुँच बनाउन पाउनुका साथै स्कुलसम्बन्धी जानकारी एकै क्लिकमा पाउनेगरी बनाएका छन् *!*

## एपमा लगइन गर्ने

क्याम्पस स्टुडेन्ट र क्याम्पस प्यारेन्ट एपहरूले लगइन भइरहने र पुश नोटिफिकेसनहरू प्राप्त गर्ने विकल्प जस्ता लाभसहित ब्राउजर संस्करणमा जस्तै समान टुलहरू उपलब्ध गराउँछन् ।

1. App Store (एप स्टोर) वा Google Play (गुगल प्ले) बाट एप डाउनलोड गर्नुहोस् ।
2. आफ्नो डिस्ट्रिक्टको नाम खोज्न कम्तीमा पनि तीनवटा अक्षर प्रविष्ट गरेर आफ्नो **District Name (डिस्ट्रिक्टको नाम)** र **State (राज्य)** खोज्नुहोस् । सूचीबाट आफ्नो डिस्ट्रिक्ट चयन गर्नुहोस् ।
3. तपाईंको स्कुलले उपलब्ध गराएको आफ्नो **Username (युजरनेम)** र **Password (पासवर्ड)** प्रविष्ट गर्नुहोस् ।
4. स्कुलले अन गरेको अवस्थामा मोबाइल पुश नोटिफिकेसनहरू प्राप्त गर्नका लागि सुरक्षित, निजी डिभाइस प्रयोग गर्दै हुनुहुन्छ भने **Stay Logged In (लगइन भइरहने)** मा चिन्ह लगाउनुहोस् ।
5. **Log In (लगइन गर्ने)** मा क्लिक गर्नुहोस् !

## वेब ब्राउजरबाट लगइन गर्ने

विद्यार्थी र अभिभावकहरूको फरक-फरक लगइन पेज हुन्छन् ।

1. infinitecampus.com मा जानुहोस् र माथि दायाँ कुनातिर रहेको **Login (लगइन गर्ने)** मा क्लिक गर्नुहोस् ।
2. आफ्नो **District Name (डिस्ट्रिक्टको नाम)** र **State (राज्य)** खोज्नुहोस् । सूचीबाट आफ्नो डिस्ट्रिक्ट चयन गर्नुहोस् ।
3. **Parent/Student (अभिभावक/विद्यार्थी)** मा क्लिक गर्नुहोस्
4. **Campus Parent (क्याम्पस प्यारेन्ट)** वा **Campus Student (क्याम्पस स्टुडेन्ट)** मध्ये कुनै एकमा क्लिक गर्नुहोस् ।
5. तपाईंको स्कुलले उपलब्ध गराएको **Username (युजरनेम)** र **Password (पासवर्ड)** प्रविष्ट गर्नुहोस् ।
6. **Log In (लगइन गर्ने)** मा क्लिक गर्नुहोस् !

## एक्टिभेसन की छ ?

तपाईंको स्कुलले तपाईंलाई एक्टिभेसन की उपलब्ध गराएको हुन सक्छ । आफ्नै युजर एकाउन्ट बनाउनका लागि सोही की प्रयोग गर्नुहोस् ।

1. क्याम्पस प्यारेन्ट मोबाइल एप प्रयोग गर्दै हुनुहुन्छ भने एप खोल्नुहोस् र आफ्नो डिस्ट्रिक्टको नाम तथा राज्य खोज्नुहोस् । सिधैं चरण 5 मा जानुहोस् ।
2. ब्राउजर प्रयोग गर्दै हुनुहुन्छ भने infinitecampus.com मा जानुहोस् र माथि दायाँ कुनातिर रहेको **Login (लगइन गर्ने)** मा क्लिक गर्नुहोस् ।
3. आफ्नो **District Name (डिस्ट्रिक्टको नाम)** र **State (राज्य)** खोज्नुहोस् । सूचीबाट आफ्नो डिस्ट्रिक्ट चयन गर्नुहोस् ।
4. **Parent/Student (अभिभावक/विद्यार्थी)** मा क्लिक गर्नुहोस् र **Campus Parent (क्याम्पस प्यारेन्ट)** मा क्लिक गर्नुहोस् ।
5. **New User ? (नयाँ प्रयोगकर्ता हो ?)** मा क्लिक गर्नुहोस् ।
6. उपलब्ध गराइएको खाली ठाउँमा आफ्नो **Activation Key (एक्टिभेसन की)** प्रविष्ट गर्नुहोस् र त्यसपछि **Submit (बुझाउने)** मा क्लिक गर्नुहोस् ।
7. **Username (युजरनेम)** र **Password (पासवर्ड)** प्रविष्ट गर्नुहोस् र **Log In (लगइन गर्ने)** मा क्लिक गर्नुहोस् ।

## मैले नोटिफिकेसनहरू कसरी प्राप्त गर्छु ?

स्कुलले नोटिफिकेसनहरू अन गरेको छ भने नोटिफिकेसनहरू क्याम्पस स्टुडेन्ट र क्याम्पस प्यारेन्ट मोबाइल एपहरूमार्फत उपलब्ध हुन्छन् । तपाईंले एपको सेटिङका साथसाथै आफ्नो डिभाइसमा नोटिफिकेसनहरू अन गर्नुपर्ने हुन सक्छ ।

1. नोटिफिकेसनहरू प्राप्त गरिरहन लगइन गर्नुअघि **Stay Logged In (लगइन भइरहने)** मा चिन्ह लगाउनुहोस् ।
2. लगइन गरिसकेपछि माथि दायाँ कुनातिर रहेको **user menu (युजर मेनु)** मा क्लिक गर्नुहोस् र **Settings (सेटिङ)** र **Notification Settings (नोटिफिकेसन सेटिङ)** मा क्लिक गर्नुहोस् ।
3. त्यहाँ तपाईं कस्ता प्रकारका नोटिफिकेसनहरू प्राप्त गर्न चाहनुहुन्छ भन्ने कुरा उल्लेख गर्नुहोस् र नोटिफिकेसनहरूको सीमा तय गर्नुहोस् । उदाहरणका लागि, तपाईं स्कोर 70% भन्दा कम भएका बेला मात्र असाइनमेन्टका नोटिफिकेसनहरू प्राप्त गर्न चाहनुहुन्छ भनेर उल्लेख गर्नुहोस् ।
4. **Save (सेभ गर्ने)** मा क्लिक गर्नुहोस् ।